# वनाड क्याम्पसको वार्षिक प्रगति विवरण

(२०८०/०८१

वन्गाड कुपिण्डे नगरपालिका-६,
सल्यान

## १ : पृष्ठभूमि Background

नेपालको कर्णाली प्रदेश सल्यान जिल्लाको पश्चिम उत्तर बन्गाडकुपिण्डे नगरपालिका ६ अवस्थित १ मात्र सामुदायिक क्याम्पस हो । वि.स. २०६७ साल फाल्गुन २० देखी विभिन्न प्रक्रियागत चरणहरु पार गर्दै वि.स. २०६९/०६/२५ गते देखी त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र संकायबाट सम्बन्धन प्राप्त स्नातक तहको अंग्रेजी शिक्षा, अर्थशास्त्र शिक्षा, नेपाली शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा लगायतका ऐच्छिक विषयहरु पठनपाठन हुदै आएको छ । यस क्याम्पसले सल्यान जिल्लाको पश्चिम बन्गाड कुपिण्डे नगरपालिका, पूर्वमा अवस्थित सिद्ध कुमाख र कुमाख गाउपालिका तथा सुर्खेत र जाजरकोट जिल्लाका केही क्षेत्र गरी दलित, जनजाति, महिला, किसान लगायत न्यून तथा तथा मध्यमवर्गका सुविधाविहिन अभिभावकका छोराछोरीहरुलाई सर्वसुलभ शिक्षा प्रदान गर्न त्रिभुवन विश्वविद्यालयको नीतिनियमानुसार शिक्षा प्रदान गर्दै आइरहेको छ। यस बन्गाड क्याम्पस सल्यानको विकास र समवृद्दिको लागि संघिय सरकार, प्रदेश सरकार, विश्वविद्यालय अनुदान आयोग, विभिन्न राजनिति दलहरु, नागरिक समाज, बुद्दिजिवि, स्थानीय सरोकारवाला र गैरसरकारी निकायको निकै ठुलो सहयोग रहेको छ ।

प्रर्याप्त भवन पुस्तकालय, खेलमैदान अभावसँग पौठे जोरी खेल्दै क्याम्पस प्रगतिको बाटोमा अगाडि बढिरहेको छ । हाल यस क्याम्पसका चार कोठे पक्कि भवन ६ कोठे कच्चि भवन निर्मित छन् भने क्याम्पसको नाममा ३३ रोपनी जग्गा रहेको छ।

यस क्याम्पसमा भर्ना हुने विद्यार्थी संख्यामा छात्राहरुको संख्या अधिक रहेको छ । क्याम्पसमा शै.स.२०७७/०७८ मा छात्र ९३ जना र छात्रा ११२ जना गरि जम्मा २०५ जना विद्यार्थी भर्ना भएका थिए । त्यसै गरि शै.स.२०७८/०७९ मा छात्रहरूको सङ्ख्या बढेर १३७ जना पुग्दा छात्राहरूको सङ्ख्या ८३ पुगि जम्मा विद्यार्थी सङ्ख्याभने २२० नै रहेको थियो । सो सङ्ख्या शै.स. २०७९/०८० मा छात्रा १५३ र छात्र १०१ गरि जम्मा २५४ विद्यार्थी छन् । यस क्याम्पसमा हरेक शैक्षिक सत्रमा छात्रा विद्यार्थी सङ्ख्या बढि रहेको र पिछडा वर्गका विद्यार्थी सङ्ख्या (वादी जाति) एकदमै कम भएको पाइएको छ ।

शै.सं २०७७/०७८ मा ७ जना २०७८/०७९ मा ११ जना र २०७९/०८० मा १३ जनाले परीक्षा उर्त्तिण गरेकोमा जम्मा ३१ जनाले स्नातक तह पार गरेकाछन् । शिक्षाशास्त्र संकाय अन्तर्गत नेपाली, अंग्रेजी, अर्थशास्त्र र स्वास्थ्य शारीरिक शिक्षा विषयहरू अध्यापन हुने यस क्याम्पसमा विषयगत दक्ष शिक्षकहरुको व्यवस्था गरिएको छ। टाढाको दुरीबाट क्याम्पसमा आउने विद्यार्थीहरूले नियमित रूपमा कक्षामा उपस्थित हुने प्रयास गरिरहेका छन् । १६०० भन्दा

बढि पुस्तक रहेको पुस्तकालय समेतको व्यवस्था गरि अत्यावश्यक खेल सामग्रीको खरिद र सङ्कलन गरि प्रयोगमा ल्याइरहेको देखिन्छ । आर्थिक सङ्कटको चरम सीमामा पुगेको यस क्याम्पसलाई हरेक वर्ष आर्थिक व्ययभार थपिदै रहेको पाइन्छ ।

आ.व.२०७७/०७८मा रु.१५११३९९।– आम्दानी र खर्च रु.१९६९६३६।– खर्च रहेको, आ.व. २०७८/०७९ मा रु ३९५७०२०।- आम्दानी र खर्च १९८१३७३।- पुगेको थियो । आ.व. २०७९/०८० मा आम्दानी रु.८५३५८७५।- र खर्च १०६९४२८।- पुगेको छ । क्याम्पसको प्रमुख आम्दानीको श्रोतको रूपमा विद्यार्थी शुल्क र विश्वविद्यालय अनुदान आयोग (UGC) को सहयोग नै रहेको छ । विभिन्न दाताहरूबाट प्राप्त चन्दा, प्रदेश सरकार, स्थानीय तहको सहयोगबाट क्याम्पस सञ्चालनको आर्थिक श्रोत जुटाउने गरिएको छ ।

आर्थिक आय व्ययको नियमित लेखा परीक्षण गराइ रहेको र सोको प्रतिवेदनमा लेखा परीक्षकले कुनै पनि त्रुटि नदेखाएको कारण यस क्याम्पसको लेखा व्यवस्थापन चुस्त दुरूस्त रहेको देखिन्छ । शिक्षा र समाजको घनिष्ट सम्बन्ध हुने कारण यस क्याम्पसबाट समेत विविध सामाजिक कार्य गर्ने गरेको पाइन्छ । राहत संकलन, वितरण र जनचेतनाको कार्यक्रम मा समेत क्याम्पसको सहभागीता रहेको देखिन्छ । आम्दानीको न्यून श्रोतको अभाव पर्याप्त भौतिक साधनको अभाव र आधुनिक शैक्षिक सामाग्रीको अभावलाई चुनौतिको रूपमा लिएको यस क्याम्पसले विविध श्रोतहरू जस्तै विश्वविद्यालय अनुदान आयोग (UGC) को सहयोग स्थानीय तह र प्रदेश सांसद विकास कोषको सहयोगलाई प्रयोग र परिचालन गर्दै अघि बढ्ने प्रयास गर्नेछ । सबैको साथ र सहयोग प्राप्त गर्न सफल भएमा यस क्याम्पसको भविष्य उज्वल रहने देखिन्छ ।

## १.२ शैक्षिक प्रगति (Academic Progress)

### २.१ भर्नाको अवस्था विश्लेषण

गत ३ बर्ष देखिको कार्यक्रमगत/तहगत रूपमा जनजाति, दलित, महिलार पिछडा बर्गलाई समेटेर समेत पठपाठन क्रियाकलाप अगाडि बढेको छ ।

२.२. यस क्याम्पसमा अध्ययन गर्ने स्नातक तहका विद्यार्थीहरूले तह पार गरेर सफलता हासिल गर्नु नै यस क्याम्पसको शैक्षिक प्रगति हो । दुर्गम सेवाक्षेत्रबाट आउने विद्यार्थीहरूले पूरा समय पढाइमा लगाउन नसक्ने र गरिबीका कारण क्याम्पस नजिकै आवास व्यवस्था गरि पढ्न समेत कठिन हुने परिस्थितसँग जुद्धै यस क्याम्पसबाट हाल सम्म ३५ जनाले स्नातक तह पार गरिसकेका छन् । यस क्याम्पसको समग्र शैक्षिक प्रगतिलाई निम्नानुसार पस्तुत गरिएको छ ।

### २.३ गत ३ वर्षको भर्नाको प्रवृत्ति

यस क्याम्पसमा शिक्षाशास्त्र सङ्काय तर्फ ऐच्छिक विषयहरू नेपाली, अङ्ग्रेजी, अर्थशास्त्र र स्वास्थ्य तथा शारीरिक शिक्षाको नियमित पठनपाठन भइरहेको छ । शिक्षाशास्त्र सङ्कायको स्नातक तहको शैक्षिक कार्यक्रम अन्तर्गत गत तीन शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीहरूको विवरण तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**शिक्षा शास्त्र संकायमा भर्ना भएका विद्यार्थीहरूको विवरण**

| शैक्षिक वर्ष | वर्ष | भर्ना विद्यार्थी सङ्ख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | पिछडा वर्ग | जम्मा | |
| २०७७/०७८ | प्रथम वर्ष | २९ | ४६ | | ७५ | |
| | दोश्रो वर्ष | ३३ | ४९ | | ८२ | |
| | तेश्रो वर्ष | २२ | २५ | | ४७ | |
| | चौथो वर्ष | ९ | १२ | | २१ | |
| | **जम्मा** | **८१** | **५४** | | **११०** | |
| २०७८/०७९ | प्रथम वर्ष | १५ | ८ | | २३ | |
| | दोश्रो वर्ष | २२ | ३४ | | ५६ | |
| | तेश्रो वर्ष | ३२ | ४८ | | ८० | |
| | चौथो वर्ष | २३ | ३८ | | ६१ | |
| | **जम्मा** | **९२** | **१२६** | | **२२०** | |
| २०७९/०८० | प्रथम वर्ष | १८ | ३० | | ४८ | |
| | दोश्रो वर्ष | ५३ | ६९ | | १२२ | |
| | तेश्रो वर्ष | १६ | ३१ | | ४७ | |
| | चौथो वर्ष | १४ | २३ | | ३७ | |
| | **जम्मा** | **१०१** | **१५३** | | **२५४** | |

उपरोक्त तालिकाको आधारमा हेर्दा यस क्याम्पसमा शै.स.२०७७/०७८ मा छात्र ८१ जना र छात्रा ५४ जना गरि जम्मा १९०जना विद्यार्थी भर्ना भएका थिए । त्यसै गरि शै.स.२०७८/०७९मा छात्रहरूको सङ्ख्या बढेर जना ९२ पुग्दा छात्राहरूको सङ्ख्या १२६ पुगि जम्मा विद्यार्थी सङ्ख्याभने २२० नै रहेको थियो । सो सङ्ख्या शै.स.२०७९/०८० मा छात्रा १५३ र छात्र १०१ गरि जम्मा २५४ विद्यार्थी छन् । यस क्याम्पसमा हरेक शैक्षिक सत्रमा छात्रा विद्यार्थी सङ्ख्या बढि रहेको र पिछडा वर्गका विद्यार्थी सङ्ख्या (वादी जाति) एकदमै कम भएको पाइएको छ ।

## १.२ गत तीन वर्षको उत्तीर्ण दरको प्रवृत्ति

गत तीन शैक्षिक सत्रमा भर्ना भएको विद्यार्थीहरूमध्ये सम्वन्धित तह र वर्षका परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूको विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका-२ : उत्तीर्ण दर**

| शैक्षिक वर्ष | वर्ष | विद्यार्थी सङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | |
| २०७७/०७८ | प्रथम वर्ष | ६ | ५ | ११ | |
| | दोश्रो वर्ष | ८ | ५ | १२ | |
| | तेश्रो वर्ष | ३ | ५ | ८ | |
| | चौथो वर्ष | १ | २ | ३ | |
| | जम्मा | १७ | १६ | ३३ | |
| २०७८/०७९ | प्रथम वर्ष | ५ | ७ | १२ | |
| | दोश्रो वर्ष | ६ | ८ | १४ | |
| | तेश्रो वर्ष | ४ | ७ | ११ | |
| | चौथो वर्ष | ५ | ४ | ९ | |
| | जम्मा | २० | २६ | ४६ | |
| २०७९/८० | प्रथम वर्ष | १७ | १० | २७ | |
| | दोश्रो वर्ष | २ | ५ | ५ | |
| | तेश्रो वर्ष | १८ | १० | २८ | |
| | चौथो वर्ष | २ | ३ | ५ | |
| | जम्मा | ३८ | २८ | ६५ | |

उपरोक्त तालिकाको आधारमा हेर्दा यस क्याम्पसमा शै.स.२०७७/०७८मा छात्र १७ जना र छात्रा १६ जना गरि जम्मा ३३जना विद्यार्थी उत्तीण भएकामा शै.स.२०७८/०७९ मा सो

सङ्ख्या छात्र २० र छात्रा २६गरि जम्मा ४६ जना विद्यार्थी उत्तीर्ण भएका छन् । शै.स. २०७९/८० मा तेस्रो वर्षको नतिजामा २८जना छात्र ३८ जना छात्रा गरि जम्मा ६५ जना उत्तीर्ण भएका छन् ।

### १.३ स्नातक तह पार गर्ने दरको विश्लेषण

स्नातक तह ३ वर्षे कार्यक्रम अन्तर्गत भर्ना भई अध्ययन पूरा गरेर सम्पूर्ण तह पार गर्ने विद्यार्थीहरूको विवरण तालिका नं. ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**
**स्नातक तह पार गर्ने दर**

| शैक्षिक वर्ष | वर्ष | विद्यार्थी सङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | |
| २०७७/०७८ | प्रथम वर्ष | | | | |
| | दोश्रो वर्ष | | | | |
| | तेश्रो वर्ष | | | | |
| | जम्मा | ६ | ७ | १३ | |
| २०७८/०७९ | प्रथम वर्ष | | | | |
| | दोश्रो वर्ष | | | | |
| | तेश्रो वर्ष | | | | |
| | जम्मा | ७ | ६ | १३ | |
| २०७९/०८० | प्रथम वर्ष | | | | |
| | दोश्रो वर्ष | | | | |
| | तेश्रो वर्ष | | | | |
| | चौथो वर्ष | २ | ३ | ५ | |
| | जम्मा | १५ | १६ | ३१ | |

### १.४ कार्यक्रमहरू (Programs)

सल्यान जिल्लाको पश्चिम उत्तरमा स्नातक तहको पठनपाठन हुने क्याम्पसको आवश्यकता महसुस गर्दै २०६६ सालमा माघ १६ गते तत्कालिन मूलखोला गा.वि.स.मा रहेका त्रिभुवन जनता उच्च मा.वि. का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री कीर्तिबहादुर रानाको अध्यक्षतामा बन्गार क्षेत्रमा क्याम्पस स्थापनार्थ बसेको सर्वपक्ष वृहत भेलाको निर्णय अनुसार २०६९ सालमा त्रि.वि. कार्यकारी परिषद्को स्वीकृति पश्चात क्याम्पस सञ्चालन हुँदै आएको छ । त्यस बखत माग गरे अनुरूप शिक्षाशास्त्र सङ्काय

अन्तर्गत तीन वर्षे बी.एड. अन्तर्गतको पठन पाठन नियमित रूपमा अघि बढि रहेको छ। तीन वर्षे बी.एड. कार्यक्रम अन्तर्गत ऐच्छिक विषयहरू नेपाली, अङ्ग्रेजी, अर्थशास्त्र, स्वास्थ्य र शारीरिक शिक्षा विषयका कक्षाहरू निरन्तर रूपमा चलिरहेका छन्। त्रि.वि.ले चार वर्षे स्नातकका कार्यक्रमहरू आवश्यकता अनुसार अध्ययन, प्रयोग र छलफल लगाएतका विविधहरू प्रयोग गरेर शिक्षण गर्ने गरिएको छ। परियोजना कार्य, प्रत्यक्ष अवलोकन र विद्यार्थीको रूचि र स्तरसँग आधुनिक सूचना प्रविधिको प्रयोग गरेर शिक्षण कार्य सम्पाद गर्ने गरिएको छ।

समग्र रूपमा हेर्दा उपलब्ध शैक्षिक सामग्रीहरूको उच्चतम प्रयोग गर्दै शिक्षण सिकाइ क्रियाकलापलाई पाठ्यक्रमले तोकेको उद्देश्य र विधिको प्रयोग गरि थप प्रभावकारी बनाउने प्रयास गरिएको छ।

## २. भौतिक विकास (Physical Progress)

### २.१ संरचना विकास (Infrastructural Development)

यस बन्गाड क्याम्पस सल्यानको समग्र भौतिक विकासको लागि लगभग ४० रोपनी पर्याप्त समथल जग्गा रहेको छ। यस क्याम्पसले आफ्नै स्वामित्वमा रहेका ८ कोठे पक्कि र ६ कोठे कच्चि भवन निर्माणधिन अवस्थामा छ भने एउटा २ कोठे प्रशासनिक भवन र ४ कोठे शैक्षिणिक भवननिर्माण भएको छ। विद्यार्थी बस्नको लागि क्याम्पसको आफ्नै स्वामित्वमा रहेको भौतिक संरचनाको अभाव रहेको छ।

### २.२ शैक्षिक सामग्री (Educational Aids)

#### २.२.१ शैक्षिक उपकरणहरू (Educational Equipments)

विद्यार्थीहरूको दैनिक पठनपाठन र सन्दर्भ अध्ययनको लागि आवश्यक सर्न्दभ सामग्रीको आवश्यकता पर्दछ। शिक्षण सिकाइलाई सरल, सहज, रुची पूर्ण, दिगो र प्रभावकारी बनाउन विषयगत आवश्यकता अनुसार शैक्षिक सामग्रीहरूको आवश्यकता पर्दछ। भर्खरै प्रगतिको पथमा ताते ताते गर्दै गरेको क्याम्पसमा समय अनुकलका शैक्षिक सामग्रीको व्यवस्था गर्न नसकिएता पनि अनिवार्य शैक्षिक सामग्रीहरू जस्तै: पूस्तकका चार्ट, पुस्तिका, कम्प्यूटर, प्रोजेक्टर स्थानीय सामग्री आदिको प्रयोग गर्ने गरेको पाइएको छ।

#### २.२.२ शैक्षिक उपकरणहरू

शैक्षिक उपकरणहरूको खरिद गर्ने कार्य आर्थिक रूपमा बोझिलो हुने हुँदा हाम्रो जस्तो अभावले झेलिएको क्याम्पसमा ICT का सामग्रीको प्रयोग गर्दै प्रयोगशाला स्थापना गर्नु कठिन देखिएको छ। यस्तो अभावको बीचमापनि हाम्रो क्याम्पसले स्थानीय सरकारको

सहयोग र आफ्नो लगानीमा निम्नानुसारका शैक्षिक उपकरणहरूको प्रयोग गरि पठनपाठन गरेको छ ।

क. कम्प्युटर

ख. इन्टरनेटसेवा

ग. मोबाइल फोन

घ। प्रोजेक्टर

ङ। अडियो भिडियो रेकर्डर /प्लेयर

### २.२.३ पुस्तक / पत्रपत्रिका / श्रोत समाग्रीहरू (Books / Journals / Reference Materials)

विद्यार्थीहरूको स्वअध्ययन गर्ने बानीको विकास गराउन र विषयगत साथै समसामयीक ज्ञान दिनको लागि यस क्याम्पसमा विविध पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरू र पत्रपत्रिका राख्ने गरिएको छ । यस क्याम्पसले प्रयोगमा ल्याउने गरेका पुस्तक, पत्रपत्रिका र सन्दर्भ सामग्रीहरूको विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४

पुस्तक, पत्रपत्रिका र श्रोत सामग्रीको विवरण

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | पाठ्यपुस्तक | ६०० | |
| २ | सन्दर्भ पुस्तक | १००० | |
| २ | पाठ्यक्रम | १५ | |
| ३ | दैनिक पत्रपत्रिका | १ | |
| ४ | साप्ताहिक पत्रपत्रिका | १ | |
| ५ | बार्षिक पत्र पत्रपत्रिका | २ | |

उपरोक्त तालिकाको आधारमा हेर्दा सबैभन्दा बढि पाठ्यपस्तकहरू नै रहेको छ ।

### २.२.४ फर्निचर (Furniture)

विद्यार्थीहरूलाई बसेर अध्ययन गर्न र दैनिक प्रशासन सञ्चालनको लागि यस क्याम्पसमा निम्नानुसारका फर्निचरहरू रहेकाछन् ।

सहयोग र आफ्नो लगानीमा निम्नानुसारका शैक्षिक उपकरणहरूको प्रयोग गरि पठनपाठन गरेको छ ।

क. कम्प्युटर

ख. इन्टरनेटसेवा

ग. मोबाइल फोन

घ) प्रोजेक्टर

ङ) अडियो भिडियो रेकर्डर /प्लेयर

### २.२.३ पुस्तक / पत्रपत्रिका / श्रोत समाग्रीहरू (Books / Journals / Reference Materials)

विद्यार्थीहरूको स्वअध्ययन गर्ने बानीको विकास गराउन र विषयगत साथै समसामयीक ज्ञान दिनको लागि यस क्याम्पसमा विविध पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरू र पत्रपत्रिका राख्ने गरिएको छ । यस क्याम्पसले प्रयोगमा ल्याउने गरेका पुस्तक, पत्रपत्रिका र सन्दर्भ सामग्रीहरूको विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४

पुस्तक, पत्रपत्रिका र श्रोत सामग्रीको विवरण

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | पाठ्यपुस्तक | ६०० | |
| २ | सन्दर्भ पुस्तक | १००० | |
| २ | पाठ्यक्रम | १५ | |
| ३ | दैनिक पत्रपत्रिका | १ | |
| ४ | साप्ताहिक पत्रपत्रिका | १ | |
| ५ | बार्षिक पत्र पत्रपत्रिका | २ | |

उपरोक्त तालिकाको आधारमा हेर्दा सबैभन्दा बढि पाठ्यपस्तकहरू नै रहेको छ ।

### २.२.४ फर्निचर (Furniture)

विद्यार्थीहरूलाई बसेर अध्ययन गर्न र दैनिक प्रशासन सञ्चालनको लागि यस क्याम्पसमा निम्नानुसारका फर्निचरहरू रहेकाछन् ।

तालिका नं. ५

फर्निचरको विवरण

| क्र.सं. | विवरण | परिमाण | आम्दानीको श्रोत |
|---|---|---|---|
| १ | प्लाष्टिक कुर्सी | १०० थान | गा.वि.स. बाट |
| २. | रिभल्विन्ङ कुर्सी | ४ थान | गा.वि.स. र ब.कु.न.पा. बाट अनुदान |
| ३. | टेबल | ५ थान | गा.वि.स. र ब.कु.न.पा. बाट अनुदान |
| ४. | दराज | १० थान | गा.वि.स. र ब.कु.न.पा. बाट अनुदान |
| ५. | सोफासेट | २ सेट | गा.वि.स र ब.कु.न.पा. बाट अनुदान |
| ६. | डेक्स | १०० थान | **बन्गाड कुभिण्डे न.पा.** अनुदान |
| ७. | बेन्च | १०० थान | **बन्गाड कुभिण्डे न.पा.** अनुदान |

**३ आर्थिक प्रगति** (Financial Progress)

**३.१ आर्थिक श्रोतको विश्लेषण/गत ३ वर्षको आय** (Analysis of financial Rescurces/income of the last three yesrs)

**आर्थिक प्रगति**

बन्गाड क्याम्पसको शैक्षिक उन्नयन र भौतिक पूर्वाधार विकास गर्ने उद्देश्य राखिएको यस क्याम्पसको मूख्य आर्थिक श्रोत भनेको विद्यार्थीको शुल्क नै हो । शुल्कको साथमा बन्गाड नगरपालिकाले प्रदान गर्ने अनुदान कर्णाली प्रदेशबाटको अनुदान, बिश्वबिद्यालय अनुदान आयोगको अनुदान र सांसद विकास कोषबाट गरिने विकाश निर्माण कार्य पनि यस क्याम्पसका आम्दानीका स्रोत हुन ।

### ३.२ स्व-परिचालित स्रोतहरू /आय (Self Generated Resources / Icome)

#### ३.२.१ स्व-परिचालित स्रोतहरू

क्याम्पसको भौतिक विकास र शैक्षिक प्रशासनको नियमित सञ्चालनर्थ आवश्यक पर्ने आर्थिक श्रोतको पहिचान र परिचालन गर्ने जिम्मेवारी समग्र क्याम्पस परिवारको हो । सो जिम्मेवारी पूरा गर्न यस क्याम्पसले निम्नानुसारका स्रोतहरू पहिचान गरि प्रयोग गरिरहेको छ ।

#### ३.२.२ विद्यार्थी शुल्क (Student's fee)

क्याम्पसको प्रमुख आम्दानीको स्रोत भन्नु नै विद्यार्थीले क्याम्पसमा तिर्ने शुल्क हो । यस क्याम्पसले विद्यार्थीहरूवाट निम्नानुसारको शीर्षकमा शुल्क उठाउने गरेको छ ।

**तालिका नं. १०**

**विद्यार्थी शुल्क विवरण**

| क्र.सं. | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | भर्ना शुल्क | २७००।- | |
| २ | त्रि.वि. दर्ता शुल्क | ५००।- | |
| ३ | मासिक शुल्क | ५००।- | |
| ४ | परीक्षा शुल्क | ७००।- | |
| ५ | सेवा शुल्क | ५००।- | |
| ६ | प्रयोगात्मक परीक्षा शुल्क | ३५०।- | |
| ७ | शिक्षण अभ्यास शुल्क | ३५०।- | |
| | जम्मा | १००००।- | |

#### ३.२.३ अन्य स्रोत (Others )

विद्यार्थी शुल्क वाहेक यस क्याम्पसको आर्थिक स्रोतको रूपमा निम्नानुसारका निकायहरू रहेको छन ।

क. बन्गाड कुपिण्डे नगरपालिकाको अनुदान

ख. कर्णाली प्रदेशको अनुदान

ग. सांसद् विकास कोष

घ) विश्वविद्यालय अनुदान आयोग

| क्स | **सरकारी श्रोतको सहयोग** | शीर्षक | |
|---|---|---|---|
| १ | विश्वविद्यालय अनुदान आयोग | नियमित अनुदान | १,३४५,०००।- |
| २ | विश्वविद्यालय अनुदान आयोग | भवन निर्माण अनुदान | ४९,०६०००।- |
| ३ | कर्णाली प्रदेश सरकारको विनियोजित रकम | भवन निर्माण | - |
| ४ | बन्गाड कुपिण्डे नगरपालिकाको अनुदान | फर्निचर | ८५०,०००।- |
| | | जम्मा | ७१०१०००।- |

### ३.२.४ सरकारी श्रोतको सहयोग (Grants From Government Source)

पब्लिक क्याम्पसको रूपमा त्रि.वि.बाट सम्बन्धन प्राप्त गरि सञ्चालित यस क्याम्पसलाई सरकारी निकायबाट नियमित अनुदान प्रदान गर्ने नीति नभएको कारण बिभिन्न समयमा आवश्यक आर्थिक सहयोग प्रदान गर्ने गरेको पाइन्छ । भौतिक निर्माण एवं प्रशासनिक कार्य सञ्चालनको लागी केन्द्रीय सरकारी निकायले नभई स्थानीय सरकारी निकायहरू जस्तै बन्गाड कुपिण्डे नगरपालिका, कर्णाली प्रदेश, विश्वविद्यालय अनुदान आयोग जस्ता संस्थाबाट अनुदान सहयोग प्राप्त गर्ने गरेको पाइन्छ ।

### ३.२.५ अन्य सरकारी निकाय (Other Government Bodies)

अन्य सरकारी निकायहरू मध्ये तत्कालीन जिल्ला विकास समिति सल्यान, बन्गाडमा अवस्थित सम्पूर्ण गा.वि.स.हरू, कर्णाली प्रदेश सरकार, सङ्घ सरकार, बन्गाड कुपिण्डे नगरपालिका, सङ्घ तथा प्रदेशका सांसद् विकास कोष लगायत अन्य सङ्घ संस्थाहरूको सहयोग भैरहेको छ ।

### ३.३ गत ३ वर्षको खर्च विश्लेषण (Expenditures Analysis of the last three years)

साधारण (Recurrent Expenses)
तलब (salary)
अन्य (Other)

### ३.३ गत ३ वर्षको खर्चको विवरण

यस बन्गाड क्याम्पसले गत ३ शै.स.मा गरेको खर्चको विवरण यस प्रकार रहेको छ ।

क) साधारण खर्च : साधारण खर्च अन्तर्गत निम्न शीर्षकहरूमा खर्च गरेको पाइन्छ ।

तालिका-११

२०७७ साउन देखि २०७८ को असार सम्मको खर्च विवरण

| आम्दानी तर्फ | | | खर्च तर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं. | नगद | रकम | सि.नं. | विवरण | रकम |
| १ | गत जिम्मेवारी | | १. | तलब भत्ता | ११९२७२२.०० |
| | ने.बै.लि.मौज्दात | ६२५,३२१.०० | २ | दैनिक भ्रमण भता | ३५६५४.०० |
| | मुद्दती मौज्दात | ६५०,०००.०० | ३ | मसलन्द | २६८५४.०० |
| | रा.बा. बैंक मौज्दात | ८२९५.०० | ४. | क्याम्पस सामग्री खरिद | ३३००० |
| | नगद मौज्दात | - | ५ | परीक्षा सञ्चालन खर्च | ६५८५४.०० |
| | उप जम्मा | ६५,८५४.०० | ६ | ले.प. शुल्क | १५०००.०० |
| २ | बैंकबाट ब्याज प्राप्त | २५,६५४.०० | ८ | त्रि.वि. सेवा शुल्क | २१५४११.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | क्याम्पसको आन्तरिक आय | १४८५७४५.०० | ९ | यातायात | ७६६५४.०० |
| ४ | | | १० | सञ्चार खर्च | २५६५४.०० |
| | जम्मा आम्दानी | १५११३९९.०० | ११ | बैंक कर | १२३२५.०० |
| | | | | जम्मा खर्च | .०० |
| | | | १ | ने.बै.लि. मौज्दात | २५३२१.०० |
| | | | २ | मुद्दति मौज्दात | ६५०,०००.०० |
| | | | ३ | रा.बा.बैंक मौज्दात | ६५८५४.०० |
| | | | ४. | लक्ष्मी. बैंक मौज्दात | ८८०००.०० |
| | | | ५ | ग्लोबल आ ए ई बैंक | ५७७३८.०० |
| | | | ५ | नगद मौज्दात | - |
| | | | | उप जम्मा | ८८६९१३.०० |
| | कूल जम्मा | २८५६५४९ .०० | | कूल जम्मा | १८५६५४९ .०० |

तालिका-१२

२०७८साउन देखि २०७९ को असार सम्मको खर्च विवरण

| आम्दानी तर्फ | | | खर्च तर्फ | | |
|---|---|---|---|---|---|
| सि.नं. | नगद | रकम | सि.नं. | विवरण | रकम |
| १ | गत जिम्मेवारी | | १. | तलब भत्ता | १११७२४०.०० |
| | ने.बै.लि.मौज्दात | २५३२१.०० | २ | दैनिक भ्रमण भता | ६५०००.०० |
| | मुद्दती मौज्दात | ६५०,०००.०० | ३ | मसलन्द | १९५७१.०० |
| | रा.बा. बैंक मौज्दात | ३२१०२९४.६२ | ४. | क्याम्पस सामग्री खरिद | १४६९६७ .०० |
| | | | | | |
| | लक्ष्मी बैंक लि | ५९७५.५० | ५ | परीक्षा सञ्चालन खर्च | ३५०२४०.०० |
| | ग्लोबल आइ एम इ बैंक | ६५,४२९.७७ | ६ | ले.प. शुल्क | ३५०००.०० |
| २ | बैंकबाट ब्याज प्राप्त | | | | |
| ३ | क्याम्पसको आन्तरिक आय | | ८ | त्रि.वि. सेवा शुल्क | ५२४५०.०० |
| ४ | | | ९ | विजुली | ४३५५.०० |
| | | | १० | प्रयोगात्मक परीक्षा | ४३०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा आम्दानी | ३९५७०२०.८४ | ११ | त्रि.वि. रजिस्ट्रशन | ३५०००.०० |
| | | | १२ | बिविध | २६३२०.०० |
| | | | १३ | खाजा नास्ता | ८६२३०.०० |
| | | | | जम्मा खर्च | १९८१३७३.०० |

**३.५ Audit Observations / Issues and steps taken to Mitigate the Issues Raised by Audit Observatories in last fiscal years**

**लेखा परीक्षण अवलोकन/गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनले उठाएको मुद्दाउपर क्याम्पसले चालेका कदमहरू/प्रयासहरू)**

**३.५ लेखा परिक्षण प्रतिवेदनको विश्लेषण: क्याम्पसले सुझाव कार्यान्वयनमा चालेको कदम**

नियमित आर्थिक लेखा परीक्षण गरिरखेको बन्गाड क्याम्पसको गत आ.व. २०७९/०८० को समेत लेखा परीक्षण सम्पन्न गरिसकेको छ । एम.पी.श्रेष्ट एण्ड एसोसिएड्स सल्यानका लेखा परीक्षक श्री मञ्जुप्रसाद श्रेष्ठले सम्पन्न गरेको लेखा परीक्षणको प्रतिवेदनमा खासै सुझावहरू उल्लेख गरेको देखिएन सम्पूर्ण आर्थिक कारोबार त्यसको अभिलेखीकरण साथै वासलात प्रचलित आर्थिक नियमको आधारमा कानुन सम्मत तरिकाले गरेको देखिएको छ । यस क्याम्पसको तर्फबाट भावी दिनहरूमा समेत चुस्त र दुरुस्त हिसाव किताव राख्ने प्रतिवद्धता गरिन्छ ।

**४. सामाजिक प्रगति (Social Progress)**

४.१ सामाजिक कार्यमा क्याम्पसको सहभागिता **(Campus's Involvements in social Activities)**

सामाजिक कार्यमा क्याम्पसको सहभागिता कुनै पनि शैक्षिक संस्था समाज निरपेक्ष रहन सक्दैन । सामाजिक मर्मलाई गर्दै हाम्रो क्याम्पसले निम्न प्रकारका सामाजिक सहयोग गर्ने गरेको छ ।

- बाढी पीडितको लागि राहत सङ्कलन र वितरण
- क्याम्पस प्रशासन र शिक्षकहरूद्वारा चन्द सङ्कलन गरि राहत वितरण
- बन्गाड अस्पतालमा रहेका विरामीलाई वर्षमा १ पटक फलफूल वितरण
- बाल विवाह न्यूनिकरणको लागि सचेतना कार्यक्रम

- साक्षर नेपाल कार्यक्रमलाई सफल पार्न विद्यार्थी परिचालन गरि सहयोग
- जनसङ्ख्या नियन्त्रणको लागि युवा परिचालन
- कोभिड १९ बाट बच्न जन चेतनामूलक कार्यक्रम सञ्चालन

## ४.२ क्याम्पसको लागि समाजको योगदान Society's Conrtibutions for campus

आफ्ना घरका विद्यार्थी पढाइको लागि क्याम्पस सम्म पठाएर सहयोग गर्नुका साथै यहाँका बासिन्दाले सामुदायीक बन मार्फत फर्निचरको लागि आवश्यक काठ, खोलाबाट ढुङ्गा र बालुवा समेत उपलब्ध गराएर सहयोग गरेको पाइन्छ ।

## ४.३ समाजको सहयोगको लागि क्याम्पसको योजना plan for campus's Contribution to society

क्याम्पस सेवाक्षेत्र अन्तर्गतको ग्रामीण क्षेत्रमा यस क्याम्पसबाट निम्न प्रकारका सहयोग गर्ने योजना गरिएको छ ।

- बाल विवाह नियन्त्रणकालागि सडक नाटक प्रस्तुत गर्ने
- प्राकृतिक प्रकोप पीडितलाई यथासक्य सहयोग गर्ने
- स्वस्थ्य समाज निर्माण र जनसङ्ख्या नियन्त्रणको लागि युवा परिचालन गर्ने
- जातिय भेदभाव अन्त्य गर्ने सामाजिक सचेतना अभिबृद्धि गर्ने
- बन्गाड क्षेत्र लोक साहित्यको क्षेत्र भएकोले यहाँ प्रचलित लोप उन्मुख लोक गीत, लोक नृत्य, लोक कथा, उखान टुक्को आदिको संरक्षण गर्न अनुसन्धान मूलक कार्य गर्ने
- बन्गाड क्षेत्र खसानी भाषिकाको क्षेत्र भएकाले यस भाषिकाको अध्यायन अनुसन्धान गर्ने
- भाषा, साहित्य र संस्कृतिका संरक्षण, सम्बद्धन र विकास गर्ने

## ४.४ क्याम्पसमा सामाजिक सहभागीता अभिबृद्धिको योजना

समाजबाट थप सहयोग भित्र्याएर क्याम्पसलाई आर्थिक र शैक्षिक रूपमा सफल गराउने प्रयास भइरहेको छ । समाजको उत्तर दायित्त्व अभिबृद्धि गर्दै क्याम्पसप्रति अपनत्त्वको भावना विकास गराउन यस बन्गाड कुपिण्डे नगरपालिकाका भित्रका विभिन्न वडाहरूको बैठकमा सहयोगको अपिल गर्दै जनस्तरमा समेत सम्बन्ध विस्तार गर्दै लाग्ने योजना राखिएको छ ।

## ५ मुद्दा तथा चुनौतीहरू (Issues and Challenges५.१ Short Term)

अल्पकालिन

- न्यून विद्यार्थी सङ्ख्या
- भौतिक साधनको आभाव
- पुस्तकालय र इ-पुस्तकायको व्यवस्था नहुनु
- विद्यार्थीहरू वैदेशीक रोजगारप्रति आकर्षण भई बीचमै कक्षा छाड्ने प्रवृत्ति देखिनु
- विद्यार्थीहरूमा स्वः अध्ययनको बानी नहुनु
- प्राध्यापकहरूलाई तालिम उपलब्ध गराउन नसक्नु
- स्वस्थ्य खानेपानीको व्यवस्था नहुनु
- छात्राहरू विवाहका  कारण बीचैमा कक्षा छाडने प्रवृत्ति देखिनु

## ५.२ दीर्घकालिन (Long Term)

- कमजोर आर्थिक अवस्था
- जनचेतनाको कमी
- स्नातक तहमा विभिन्न सङ्कायहरू सञ्चालन गर्न नसक्नु

## ५.३ मुद्दा तथा चुनौतीहरू सामना गर्न / न्यूनीकरण गर्न गरिएको प्रयासहरू

**(Mitigation Measures Taken to Address theIssues and Meet the Challenges)**

- भौतिक पूर्वाधारहरू निर्माणका लागि बन्गाड कुपिण्डे नगरपालिका जिल्ला समन्वय समिति सल्यान विद्यालय अनुदान आयोग, प्रदेश तथा केन्द्रहरूका सांसद् कोष विकास अन्य सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरूमा अनुदानका लागि पहल गरिएको
- विद्यार्थीहरूलाई टिकाइ राख्न शिक्षाको महत्त्व सम्बन्धी कार्यशालाहरूमा सहभागि गराइएको
- शिक्षणमा नवीनतम् प्रविधिको प्रयोग गर्न नेट जडान गरिएको
- प्रध्यापक तथा कर्मचारीहरूलाई छोटा तथा लामा तालिमहरूमा सहभागी गराई उनीहरूको क्षमता वृद्धिमा ध्यान दिइएको

## ५.३ मुद्धाको सम्बोधनकोलागि योजना (Plan for Addressing the Issues and Challenges)

## ५ मुद्धा तथा चुनौतीहरू

## ५.१ अल्पकालिन चुनौतीहरू

- विद्यार्थीहरूको शैक्षिक स्तरमा वृद्धि गर्न छुट्टै पुस्तकालय, इ-लाइब्रेरीको तथा अन्य भौतिक संरचनाहरूको निर्माण गर्नका लागि यससँग सरोकारवाला निकायहरू जस्तै विश्वविद्यालय अनुदान आयोग बन्गाड कुपिण्डे नगरपालिका जिल्ला समन्वय समिति सल्यान, कर्णाली प्रदेश सरकार तथा विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरूसँग अनुरोध गरी अनुदान प्राप्त गरेर भौतिक संरचनाको निर्माण गरिने छ ।
- विद्यार्थीहरूको सङ्ख्यात्मक वृद्धिका लागि सेवा क्षेत्र भित्र घरदैलो अभियान सञ्चालन गर्ने, शिक्षक, अभिभावक, विद्यार्थी लगायत यससँग सरोकार राख्ने सरोकारवालाहरूसँग समय समयमा अन्तरक्रिया गरिने छ ।
- विद्यार्थीहरूको शैक्षिक स्तर वृद्धि गर्न त्रैमासिक रूपमा परीक्षा सञ्चालन गर्ने, नवीनतम् प्रविधिको प्रयोग गरिने छ ।

## ५.२ दीर्घकालीन चुनौतीहरू

- सामाजसँग सम्वन्ध विस्तार गर्दै प्रचारप्रसार गरेर विद्यार्थी सङ्ख्या वृद्धि गर्ने प्रयास गरिएको छ ।
- स्थानीय तहमा सहयोगको लागि अपिल गरिएको छ ।
- सांसद् विकास कोषको रकम प्राप्तिको प्रयास गरिएको छ ।
- विश्वविद्यालय अनुदान आयोगबाट भवन निर्माणको लागी सहयोग प्राप्त गरिएको
- प्रदेश तथा सङ्घिय सांसद् समक्ष भौतिक विकाशको लागि सहयोग माग गरिएको ।
- क्याम्पसको आर्थिक पक्षलाई बलियो बनाउन चन्दा सङ्कलन विद्यार्थी सङ्ख्यामा वृद्धि, क्याम्पसका साधारण सभाको सदस्य सङ्ख्याहरूको वृद्धि गरिने छ ।
- कर्णाली प्रदेश सरकारबाट अनुदान प्राप्तिगर्न प्रयास गरिएको छ ।

६. रणनैतिक योजना सहित यस आर्थिक वर्षको बजेट तथा वार्षिक कार्य योजना यस क्याम्पसको वार्षिक बजेट निम्नानुसार रहेको छ । **(Annual Work Plan and Budge of the current Fiscal year (asper the strategic Plan)**

**तालिका नं. १४**

**अनुमानित आय विवरण(आ.ब.२०८०।०८१)**

| क्र. सं. | आम्दानी शीर्षक | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १ | बैंक मौजदात | २२५९९४७/०० | |
| २ | विद्यार्थीबाट अम्दानी | १५०००००/०० | |
| ३ | बन्गाड कुपिण्डे नगरपालिकाको अनुदान | ३००००००/०० | |
| ४ | विश्वविद्यालय अनुदान आयोग अनुदान | ७००००००/०० | |
| ५ | अन्य संघसंस्थाहरूबाट अनुदान | १००००००/०० | |
| ६ | कर्णाली प्रदेश सरकारबाट | ३०००००/०० | |
| | **जम्मा** | **७९८५९९४७** | |

**तालिका नं. १५**

**अनुमानित खर्च विवरण (आ.व.२०८०।०८१)**

| क्र.सं. | खर्च गरिने शीर्षक | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षक कर्मचारी तलब भत्ता | १५०००००/०० | |
| २ | भवन निर्माण | ६००००००/०० | |
| ३ | आवास भवन निर्माण | ३००००००/०० | |
| ४ | फिल्ड निर्माण | १००००००/०० | |
| ५ | पाठ्यपुस्तक तथा खेलकुद सामग्री खरिद | १०००००/०० | |
| ६ | प्रशासनिक खर्च | ५०००००/०० | |
| ७ | शौचालय निर्माण | २०००००/०० | |
| ८ | फर्निचार निर्माण | ३०००००/०० | |
| ९ | शिक्षक कर्मचारीको बाँकी तलब भत्ता | ९५९९४७/०० | |
| | **जम्मा** | **१३५५९९४७** | |

**७. वार्षिक कार्य योजना र बजेट**

| क्र. सं. | खर्च गरिने शर्षक | आ.व.०७६/०७७ | आ.व.०७७/०७८ | आ.व.०७८/०७९ | आ.व.०७९/०८० |
|---|---|---|---|---|---|
| १ | तारवार फिल्ड निर्माण | १५०००० / ०० | १००००० / ०० | ७००७२ / ०० | १०००००० / ०० |
| २ | भवन निर्माण | - | १२०००० / ०० | २०००००० / ०० | ६०००००० / ०० |
| ३ | आवास निर्माण | - | - | | ३०००००० / ०० |
| ४ | पाठ्यपुस्तक तथा खेलकुद समाग्री खरीद | ४०००० / ०० | ४९९७० / ०० | ३८९७० / ०० | १०००० / ०० |
| ५ | चौकीदार भवन निर्माण | - | - | - | २००००० / ०० |
| ६ | फर्निचर निर्माण | - | - | - | ३००००० / ०० |

## ८.निष्कर्ष :

**बन्गाड क्याम्पसको स्थापना काल देखि** स्वस्थ, प्रतिस्प्रर्धात्मक र गुणस्तरीय उच्च शिक्षाको अवसर प्रदान गर्ने उद्देश्यले स्थापना भएता पनि विभिन्न आर्थिक अवस्थाका कारण र सरोकार वालाको जनसभागिताको अभावको कारण क्याम्पस आफ्नो गतिमा अगाडि बढ्न सकेको छैन । जन चेतनाको कमि र शिक्षा प्रतिको चेतनाको कमि, आर्थिक अवस्था कम्जोरीले गर्दा प्रथम वर्षमा भर्ना भएका सबै विद्यार्थी चौथो वर्ष सम्म पुग्न निकै कठिन हुँदै गएको छ । आर्थिक, सामाजिक, शैक्षिक समस्यासँग पौठेजोरी खेल्दै अगाडि बढन विवश क्याम्पसको शैक्षिक र भौतिक विकासको लागि विश्वविद्यालय अनुदान आयोग को महत्त्व बढ्दै गएको पाइन्छ ।